नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:-

सिंहदरवार,

काठमाडौं, नेपाल ।

## प्रेस विज्ञप्ति

मिति २०७५/०९/०९ गते बिहान करीव २:३० बजे कालिकोट जिल्ला पलाँता गाउँपालिका वडा नं.१ खाँडास्थित नविन न्यौपानेको घरबाट शुरु भएको आगो फैलन गई गाउँका करिब ८७ घरगोठ जलेर नष्ट भएको घटनाप्रति गृह मन्त्रालय गहिरो दुःख व्यक्त गर्दछ । आगलागी भएको खबर पाउनासाथ स्थानीय प्रहरी चौकीबाट प्रहरी टोली खटी गई स्थानीयवासीको समेत सहयोगमा विहान ९:३० बजे आगलागी नियन्त्रणमा लिइएको छ । उक्त आगलागीबाट ७ जना घाइते भएका छन् । चौपाया २१ जली मरेका छन् । घटनास्थल विकट तथा उच्च पहाडी भू-भाग भएको र टेलिफोन सम्पर्क हुन नसक्ने अवस्थाका कारण विस्तृत विवरण आउने क्रममा रहेको छ ।

पिडीत परिवारहरुलाई राहत उपलब्ध गराउनको लागि नेपाली सेनाको MI-17 हेलिकप्टरद्वारा काठमाण्डौंबाट आवश्यक त्रिपाल ठूलो ६० थान, कपडा ३०३ थान, ब्ल्याङकेट २०० थान र जुत्ता ११७ जोर र कर्णाली प्रदेश, सुर्खेतबाट ब्लाङकेट १०० थान, सिरकडसना १०० थान, म्याट ५ रोल, चाउचाउ १५ कार्टुन, विस्कुट ६ कार्टुन, चिउरा ३ बोरा, फुरन्दाना २३ कि.ग्रा. र थप खाद्य सामग्री, भाडाकुडा पठाइएको छ । कालिकोट सदरमुकाम मान्मबाट नेपाली सेनाको MI-17 हेलिकप्टर मार्फत आवश्यक खाद्यान्न लगायतको सहयोग सामग्री ढुवानी गरी उपलब्ध गराउने क्रममा रहेको छ ।

मितिः २०७५/०९/०९

रामकृष्ण सुवेदी

प्रवक्ता एवं सहसचिव